


# वि.सं.२०४७ पछिको आर्थिक सामाजिक विकासको अवस्था



१. गरिबीमा कमी - ३



२. आय र उपभोगको असमानतामा सुधार - ६



३. मध्यमवर्गको विस्तार - ७



४. भौतिक प्रगति - ८



५. शिक्षा - १७



६. स्वास्थ्य - १८



७. महिला सशक्तिकरण - १९



८. सामाजिक सुरक्षा - २१




९. मानव विकास - २३



१०. कृषि - २५




११. उद्योग - २७



१२. सेवा क्षेत्रको विस्तार - २८



१३. आधारभूत सुविधामा पहुँच- ३०

२०४७ सालको परिवर्तनपछि नेपाल बन्द अर्थतन्त्रबाट खुला अर्थतन्त्रमा प्रवेश गऱ्यो। यसको दस्तावेजीकरण देशको आठौँ पञ्चवर्षीय योजनाले गऱ्यो। त्यसयता आर्थिक वृद्धिदर औसतमा ४ प्रतिशत माथि रह्यो भने प्रतिव्यक्ति आयमा पनि बढोत्तरी हुँदै गयो। विकासका अन्य क्षेत्रमा पनि प्रगति सन्तोषप्रद रह्यो। नागरिकले भौतिक विकासको क्षेत्रमा यस्तो प्रगति सबैभन्दा धेरै अनुभूति गर्न सक्छन्। त्यसपछि क्रमशः सेवा प्रवाह, सामाजिक र आर्थिक विकासका क्षेत्रमा प्रगति भएको छ। सडक कति बन्यो, कति कालोपत्रे भयो वा चौडा पारियो, पुल कति बने, बिजुली कति उत्पादन र खपत भयो, टेलिफोन, मोबाइल तथा इन्टरनेट सेवा कति प्रतिशतले पाए, आवासको सुविधा कति विस्तार भयो, खानेपानी सुविधा कति परिवारमा पुग्यो, भन्ने जस्ता विषयले नागरिकको ध्यान आकर्षित गर्दछ।

नागरिकमा शिक्षा, स्वास्थ्य तथा अन्य मौलिक हकको प्रत्याभूति भयो भएन?, आम्दानी कति बढ्यो?, रोजगारी पाइयो वा पाइएन?, गरिबी घट्यो घटेन?, राज्यले नागरिकलाई सामाजिक सुरक्षा कति दिन सक्यो?, तथा लोककल्याणकारी काममा राज्य कति सफल भयो? भन्ने विषयले विकासको अवधारणा बनाउन सहयोग गर्छ। जीवनमा आएको परिवर्तनको अनुभूति समय क्रममा बिर्सिइँदै जाने हुन सक्छ। तर त्यसको तथ्याङ्कीय विवेचनाले भने परिवर्तनको वस्तुगत अवस्थालाई चित्रण गर्न सकिन्छ।


उपर्युक्त विषयमा २०४७ सालसम्मको अवस्था र २०८० सालसम्मको प्रगतिको तथ्यांकीय रूपमा चर्चा गरौँ।


## १. गरिबीमा कमी



२०४८ सालपछि चरम गरिबीमा उल्लेख्य सुधार भएको छ। २०५२ सालमा निरपेक्ष गरिबी औसत ४२ प्रतिशत थियो। २०६१ सालमा गरिबी घटेर औसत ३१ प्रतिशतमा र २०६८ सालमा आइपुग्दा २५ प्रतिशतमा झऱ्यो। २०६८ सालको उपभोग सर्वेक्षणमा ४० उपभोग्य वस्तुको उपभोगलाई आधार बनाएर गणना गर्ने हो भने २०८० सालमा गरिबीको दर ३.६ प्रतिशत मात्र हुन्छ। तर २०८० सालको गरिबीको दर गणनामा नागरिकको उपभोगको स्तर बढे अनुरूप ७२ वटा उपभोग्य वस्तुलाई गरिबीको मापनको आधार बनाइएकाले गरिबी २० प्रतिशत रहेको भनिएको हो। उपभोगको स्तर साविक बमोजिम हुँदा ३० वर्षमा प्रतिवर्ष १.५ प्रतिशत बिन्दुले गरिबी घटेको हुन्थ्यो।

**तालिका–१, गरिबीको दरमा कमी (२०५२ - २०८०)**







नेपालले गरिबी निवारणमा पछिल्लो ३० वर्षमा ऐतिहासिक फड्को मारेको प्रतिवेदन, हालै विश्व बैंकले प्रकाशित गरेको छ। यसले अमेरिकी डलर २.१५ भन्दा कम प्रतिव्यक्ति आयलाई चरम गरिबीमा रहने परिभाषा गरेको छ। यस परिभाषा अनुसार २०५२ सालमा ५५ प्रतिशत रहेको चरम गरिबी दर ह्वात्तै घटाएर नेपालले मात्र ०.३७ प्रतिशतमा झारेको छ, जुन दक्षिण एसियाका अन्य कुनै पनि मुलुकले हासिल गर्न नसकेको उपलब्धि हो। भारत, बंगलादेश, श्रीलंका लगायतका मुलुकहरू अझै पनि गरिबी निवारणको चुनौतीसँग जुझिरहेका छन्।

विगत करिब तीन दशकमा ग्रामीण तथा शहरी गरिबीको अवस्थामा ठुलो परिवर्तन आएको छ। २०५२ सालमा निरपेक्ष गरिबी औसत ४२ प्रतिशत हुँदा ग्रामीण तथा शहरी क्षेत्रको गरिबी क्रमशः ४३ प्रतिशत र २२ प्रतिशत थियो। २०६१ सालमा गरिबी औसत ३१ प्रतिशत हुँदा ग्रामीण तथा शहरी क्षेत्रको गरिबी क्रमशः ३५ प्रतिशत र १० प्रतिशत रह्यो। २०६८ सालमा गरिबी औसत २५ प्रतिशतमा झर्दा ग्रामीण तथा शहरी क्षेत्रको गरिबी क्रमशः २७ प्रतिशत र १६ प्रतिशत थियो। २०८० सालमा गरिबी २० प्रतिशत हुँदा ग्रामीण तथा शहरी क्षेत्रको गरिबी क्रमशः २५ प्रतिशत र १८ प्रतिशत रह्यो। यसरी तीन दशकमा

गरिएका ४ वटा सर्वेक्षणबाट ग्रामीण र शहरी क्षेत्र बीचको गरिबीको फरक (दूरी) क्रमशः २१ प्रतिशत, २५ प्रतिशत, ११ प्रतिशत हुँदै ७ प्रतिशतमा झरेको पाइन्छ। यसबीच ग्रामीण र शहरी क्षेत्रको प्रशासनिक संरचनामा परिवर्तन भएकाले यी तथ्याङ्कहरू प्रत्यक्ष तुलनायोग्य नभए पनि ग्रामीण र शहरी क्षेत्रबीच गरिबीको दूरी घट्दै गएको प्रष्ट सङ्केत भने देखिन्छ।



**मुख्य निष्कर्षः**

- **गरिबी घटेको दरः** २०४८ देखि २०८० सम्म गरिबीमा उल्लेख्य सुधार भएको छ। २०५२ मा ४२% देखि २०८० मा २०% मा झरेको छ।
- **उपभोगको आधारः** २०८० को गरिबी दर गणनामा ७२ वटा उपभोग्य वस्तुहरूलाई आधार बनाएर गरिबी २०% मापन गरिएको छ। साविक बमोजिमको ४० वस्तुहरूको आधारमा गरिबी गणना गरिएको भए, २०८० मा गरिबीको दर ३.६% मात्र हुने देखिन्छ।
- **ग्रामीण र शहरी क्षेत्रको फरकः** तीन दशकमा गरिबीको दरको भिन्नता घटेको छ। २०५२ मा ग्रामीण र शहरी क्षेत्रको बीचको फरक २१% थियो, जुन २०८० मा घटेर ७% मा पुगेको छ।




## २. आय र उपभोगको असमानतामा सुधार

आयको असमानता पछिल्ला वर्षमा घट्दै गएको छ। २०५२ सालमा सबैभन्दा गरिब १० प्रतिशत परिवारको आय भन्दा धनी १० प्रतिशतको आय २१ गुणा बढी रहेकोमा २०६१ सालमा १८ गुणा र सन् २०८० सालमा आइपुग्दा धनी १० प्रतिशत परिवारको आय गरिब १० प्रतिशतको आय भन्दा ६ गुणा मात्र बढी रहेको देखिन्छ।

**तालिका–२, आय र उपभोग असमानतामा सुधार (२०५२ - २०८०)**

| वर्ष | आय असमानता (१०% धनी र १०% गरिब) | उपभोग असमानता (१०% धनी र १०% गरिब) |
|---|---|---|
| २०५२ | २१ गुणा | ९ गुणा |
| २०६१ | १८ गुणा | १५ गुणा |
| २०६८ | — | ९ गुणा |
| २०८० | ६ गुणा | ६.५ गुणा |

उपभोगको दृष्टिकोणले पनि धनी र गरिब बीचको दूरी घट्दै गएको छ। जीवनस्तर मापन सर्वेक्षण प्रतिवेदनअनुसार २०५२ सालमा समाजको सबैभन्दा तल्लो १० प्रतिशत (गरिब) वर्गको तुलनामा सबैभन्दा माथिल्लो १० प्रतिशत (धनी) वर्गको उपभोग ९ गुणा धेरै थियो। यो अनुपात २०६१ र २०६८ मा क्रमशः १५ र ९ गुणा भयो। २०८० सालमा भने समाजको सबैभन्दा तल्लो १० प्रतिशत गरिब वर्गको भन्दा सबैभन्दा माथिल्लो १० प्रतिशत परिवारको उपभोग साढे ६ गुणा मात्र बढी रहेको छ। यसरी तीन दशक यताका जीवनस्तर मापन सर्वेक्षणले आय र उपभोगको दृष्टिकोणले धनी र गरिब बीचको दूरी घट्दै गएको देखाएका छन्।



**मुख्य निष्कर्ष:**


पछिल्ला तीन दशकको जीवनस्तर मापन सर्वेक्षणअनुसार आय र उपभोग दुबैमा असमानता घट्दै गएको देखिन्छ।

## ३. मध्यमवर्गको विस्तार



राष्ट्रिय आय र उपभोगमा निम्न (गरिब) वर्गका परिवारको हिस्सा बढेको भए पनि माथिल्लो (धनी) वर्गको हिस्सा उल्लेख्य रूपमा घटेकाले पछिल्ला वर्षहरूमा मध्यमवर्ग वृहत हुँदै गएको छ, जुन विकासको एउटा चरण नै हो। २०५२ सालमा आय वर्गका निम्न ४० प्रतिशत देखि ९० प्रतिशत सम्मका परिवारको राष्ट्रिय आयमा ५० प्रतिशत हिस्सा रहेको थियो। २०८० सालमा यो हिस्सा ५६ प्रतिशत पुगेको छ।

**तालिका–३, राष्ट्रिय आयमा विभिन्न वर्गको हिस्सा (२०५२ - २०८०)**






**मुख्य निष्कर्ष:**

निम्न र मध्यम वर्गको राष्ट्रिय आयमा हिस्सेदारी वृद्धि भएको। माथिल्लो वर्गको हिस्सा घट्दै गएको।




# ४. भौतिक प्रगति

**४.१ सडकः**

२०४७ सालमा देशमा जम्मा ९ हजार किमी सडक थियो। २०८१ सालमा यो एक लाख १० हजार किमी पुगेको छ। अर्थात् तीन दशकमा १२ गुणा भन्दा बढीले सडक विस्तार भएको छ। त्यतिखेर २५०० नागरिकमा १ किमी सडक पर्थ्यो, अहिले ३०० नागरिकमा १ किमि सडक छ। जबकि यसै अवधिमा जनसङ्ख्या २ करोडबाट बढेर अहिले ३ करोड पुगिसकेको छ। अहिले सबै जिल्ला सदरमुकाममा सडक पुगेको छ, अधिकांश पालिका सडकबाट जोडिएका छन्, सडक नपुगेका गाउँ विरलै छन्।

२०५२ साल सम्ममा २५ प्रतिशत नागरिकले आधा घण्टाको दुरीमा पक्की सडक भेट्थे भने २०८० सालमा ८० प्रतिशत नागरिकले त्यो सुविधा पाएका छन्। सडक पूर्वाधारमा टनेल तथा अग्ला पुल निर्माणमा नयाँ प्रविधि र संरचनाहरू प्रवेश गरेका छन् भने पूर्व पश्चिम जोड्ने चारवटा राजमार्ग सञ्चालनमा आएका छन्। काठेपूल र तुइन लगभग विस्थापित भैसकेका छन्।

**तालिका–४, नेपालमा सडक पूर्वाधारको विस्तार (२०४७ - २०८१)**






**मुख्य निष्कर्ष:**

तीन दशकमा सडक लम्बाइ १२ गुणा वृद्धि। सबै जिल्ला सदरमुकाम सडकसँग जोडिएका। अधिकांश पालिकामा सडक पहुँच, सडकविहीन गाउँ न्यून। टनेल र अग्ला पुल निर्माणमा नयाँ प्रविधि। पूर्व-पश्चिम जोड्ने चार राजमार्ग संचालनमा। काठेपूल र तुइनको लगभग विस्थापन।



### ४.२ हवाई पूर्वाधारः

२०४८ सालयता आन्तरिक र अन्तर्राष्ट्रिय दुवै प्रकारका विमानस्थलको विस्तार भएको छ। आधा दर्जन विमानस्थलमा रात्रिकालीन हवाइसेवा सुचारु भएको छ। दर्जनौँ आन्तरिक विमानस्थलका धावनमार्गहरू पक्की भएका छन्। पोखरा र भैरहवामा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएका छन्। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति भएको छ। निजी क्षेत्रको आन्तरिक हवाइ सेवा कम्पनी २०४८ सम्म शून्य रहेकोमा अहिले नौवटा हवाइजहाज सञ्चालक कम्पनी र एक दर्जन जति हेलिकोप्टर सञ्चालक कम्पनीहरूले हवाइ सेवा सञ्चालन गरिरहेका छन्।

**तालिका–५, नेपालमा हवाई पूर्वाधारको सुधार र विकास (२०४७ - २०७८)**

| वर्ष | विमानस्थलको विस्तार | आन्तरिक र अन्तर्राष्ट्रिय हवाइ सेवा | निजी क्षेत्रको हवाइ सेवा |
|---|---|---|---|
| २०४८ | आन्तरिक र अन्तर्राष्ट्रिय विमानस्थलको विस्तार सुरु | आधा दर्जन विमानस्थलमा रात्रिकालीन हवाइ सेवा सुचारु | निजी क्षेत्रको आन्तरिक हवाइ सेवा कम्पनी शून्य |
| २०८० | पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन | दर्जनौं आन्तरिक विमानस्थलका धावनमार्ग पक्की | ९ हवाइजहाज सञ्चालक कम्पनी र १ दर्जन हेलिकोप्टर कम्पनी सञ्चालनमा |



**मुख्य निष्कर्षः**

- **विमानस्थलको स्तरोन्नतिः** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति गरिएको छ।
- **निजी क्षेत्रको योगदानः** २०४८ सम्म निजी क्षेत्रबाट आन्तरिक हवाइ सेवा कम्पनीको कुनै उपस्थिति थिएन, तर हाल ९ वटा हवाइजहाज सञ्चालक कम्पनी र १ दर्जन हेलिकोप्टर कम्पनीहरूले हवाइ सेवा सञ्चालन गर्दैछन्।

## ४.३ सञ्चार:





२०४७ सालमा तीन हजार नागरिकको अनुपातमा एउटा टेलिफोन थियो। अहिले औसतमा एउटा नागरिकलाई एक भन्दा बढी टेलिफोन छ। त्यसबेला इन्टरनेट शून्य थियो, अहिले ७५ प्रतिशत नागरिकले यो सुविधा पाएका छन्। २०७८ को जनगणना अनुसार ७३ प्रतिशत नागरिकसँग मोबाइल, तथा स्मार्ट फोन, ४९ प्रतिशतसँग टेलिभिजन, ३८ प्रतिशतमा इन्टरनेट सुविधा, २७ प्रतिशतसँग मोटरसाइकल, २४ प्रतिशतसँग फ्रिज, र १५ प्रतिशतसँग कम्प्युटर वा ल्यापटप छ।



**मुख्य निष्कर्ष:**

- टेलिफोन पहुँच: ३,००० नागरिकमा १ बाट प्रति नागरिक १ भन्दा बढी।
- इन्टरनेटको शून्य पहुँचबाट ७५% नागरिकमा विस्तार।
- मोबाइल फोन प्रयोगकर्ताको उल्लेखनीय वृद्धि (७३%)।
- घरायसी प्रविधिमा वृद्धि: टेलिभिजन (४९%), मोटरसाइकल (२७%), फ्रिज (२४%), कम्प्युटर/ल्यापटप (१५%)।




## ४.४ विद्युत:


२०४७ सालमा जम्मा २२७ मेगावाट विद्युत उत्पादन हुन्थ्यो । अहिले ३४०० मेगावाट उत्पादन भइरहेको छ । यसै अवधिमा प्रतिव्यक्ति विद्युत खपत ३४ किलोवाट प्रतिघण्टाबाट बढेर ४०० किलोवाट प्रति घण्टा पुगेको छ । यसरी ३३ वर्षमा विद्युत उत्पादन १५ गुणाले बढेको छ भने उपभोग १० गुणा बढेको छ । विद्युतमा सुविधा पुगेका परिवार यसै बीचमा १४ प्रतिशतवाट ९७ प्रतिशत पुगेका छन् ।

**तालिका–६, नेपालमा विद्युत उत्पादन र उपभोगको वृद्धि (२०४७ - २०८०)**

| | कुल विद्युत उत्पादन (मेगावाट) | प्रतिव्यक्ति विद्युत खपत (किलोवाट-घण्टा) | विद्युत सुविधा पाएका परिवार (%) |
|---|---|---|---|
| २०४७ | २२७ मेगावाट | ३४ किलोवाट-घण्टा | १४% |
| २०८० | ३,४०० मेगावाट | ४०० किलोवाट-घण्टा | ९७% |









**मुख्य निष्कर्ष:**


३३ वर्षमा: विद्युत उत्पादन १५ गुणा वृद्धि । विद्युत उपभोग १० गुणा वृद्धि । विद्युत पहुँच भएका परिवारको प्रतिशत १४% बाट ९७% ।

## ४.५ आवास:



आवासको सुविधामा उल्लेख्य परिवर्तन भएको छ। २०५२ सालसम्ममा ११ प्रतिशत परिवार मात्र पक्की गारो भएका घरमा बस्ने गरेकामा २०८० सालसम्ममा ५६ प्रतिशत परिवार सिमेन्टको गारो भएका घरमा बस्ने भएका छन्। २०५२ सम्ममा करिब ९० प्रतिशत परिवार फुसको वा कच्ची छाना भएका घरमा बस्ने गरेकोमा अव करिब २० प्रतिशत परिवार मात्र कच्ची छाना भएका घरमा बसेका छन्। पक्की घरमा बस्ने परिवार २०५२ सालसम्ममा ११ प्रतिशत रहेकामा २०८० सालमा ४० प्रतिशत नाघेका छन्।

**तालिका–७, नेपालमा आवास सुविधामा परिवर्तन (२०५२ - २०८०)**






**मुख्य निष्कर्ष:**

आवास सुविधामा उल्लेखनीय सुधार


- सिमेन्टको गारो भएका घरमा बस्ने परिवार ११% बाट ५६% पुगेको।
- कच्ची छाना भएका घरमा बस्ने परिवार ९०% बाट २०% मा झरेको।
- पक्की घरमा बस्ने परिवार ११% बाट ४०% भन्दा बढी पुगेको।



## ४.६ खानेपानी सुविधा:

२०५२ सालमा पाइपबाट वितरण गरिएको पानी पिउन पाउने परिवार ३३ प्रतिशत मात्र थिए। त्यसबाट बढेर २०८० सालमा ५२ प्रतिशत पुगेका छन्। अहिले ९५ प्रतिशत परिवारमा आधारभूत पिउने पानीको सुविधा पुगेको छ। शौचालय सुविधा भएका घरहरू २२ प्रतिशतबाट ९४ प्रतिशत पुगेका छन्।

**तालिका–८, नेपालमा खानेपानी र सरसफाइ सुविधाको विकास (२०५२ - २०८०)**






**मुख्य निष्कर्ष:**

स्वच्छतामा उल्लेखनीय सुधार।

- पाइपबाट खानेपानी पाउने परिवार ३३% बाट ५२% पुगेको।
- ९५% परिवारमा आधारभूत पिउने पानीको सुविधा उपलब्ध भएको।
- शौचालय भएका घर २२% बाट ९४% पुगेको।

### ४.७ वित्त, बैंक तथा वित्तीय संस्था:




३० बर्षमा राजश्व संकलन कुल ग्राहस्थ उत्पादनको ९ प्रतिशतबाट वृद्धि भई १९ प्रतिशत पुगेको छ। २०४८ सालमा जम्मा १२ वटा बैंक तथा वित्तीय संस्था थिए। तिनका शाखा जम्मा ४४१ थिए। प्रति ४७ हजार भन्दा बढी व्यक्ति बराबर एक बैंक शाखा पर्दथ्यो। २०८० सालमा ११२ बैंक तथा वित्तीय संस्थाका करिब १२ हजार शाखा रहेका छन्। वाणिज्य बैंकका मात्रै शाखा पनि २०८० सम्ममा ५०४९ पुगेका छन् र सबै बैंक तथा वित्तीय संस्थाका शाखा गणना गर्दा प्रति २५ सय व्यक्ति बराबर एउटा बैंक शाखा पर्न आउँछ। २०५२ साल सम्ममा २१ प्रतिशत नागरिकले आधा घण्टाको दुरीमा बैंक शाखा भेट्थे भने २०८० सालमा ७४ प्रतिशत नागरिकले त्यो सुविधा पाएका छन्। अहिले ७१ प्रतिशत नागरिकको बैंक बचत खाता छ भने २ करोड ६६ लाख खाता मोबाइल बैंकिङमा आवद्ध छन्।

बीमाको दायरामा उल्लेख्य विस्तार भएको छ। १५ वर्ष अघिसम्म पाँच प्रतिशत नागरिकमा मात्र वीमाको पहुँच पुगेकोमा अहिले ३५ प्रतिशत पुगेको छ। धितोपत्र बजारमा आम नागरिकको पहुँच कैयौं गुणा बढेको छ। २० वर्ष अघिसम्म शेयर स्वामित्व हुने नागरिक १ लाख पनि नरहेकोमा अहिले ६५ लाख नागरिकका डिम्याट खाता छन्, अर्थात् त्यति नागरिकका नाममा कुनै न कुनै कम्पनीको शेयर स्वामित्व छ।

**तालिका–९, नेपालमा बैंकिङ, वित्तीय पहुँच, र बीमा क्षेत्रको विकास (२०४८ - २०८०)**

| वर्ष | २०४८ | २०८० |
|---|---|---|
| बैंक तथा वित्तीय संस्था (संख्या) | १२ | ११२ |
| शाखा संख्या | ४४१ | १२,००० |
| प्रति बैंक शाखामा नागरिक | ४७,०००+ | २,५०० |
| आधा घण्टाभित्र बैंक शाखा भेट्ने नागरिक (%) | - | ७४% |
| बैंक बचत खाता भएका नागरिक (%) | - | ७१% |
| मोबाइल बैंकिंग खाता (संख्या) | - | २ करोड ६६ लाख |
| बीमा पहुँच भएका नागरिक (%) | ५% | ३५% |
| शेयर स्वामित्व भएका नागरिक (डिम्याट खाता) | १ लाखभन्दा कम | ६५ लाख |



**मुख्य निष्कर्ष:**

- बैंक तथा वित्तीय संस्थाको संख्या १२ बाट ११२ पुगेको।
- बैंक शाखा ४४१ बाट १२,००० पुगे, प्रति शाखा नागरिक संख्या ४७,००० बाट २,५०० मा घट्यो।
- बैंक खाता हुने नागरिक ७१%, २ करोड ६६ लाख खाता मोबाइल बैंकिंगमा।
- बीमा सेवा ५% बाट ३५% नागरिकसम्म फैलियो।
- डिम्याट खाता भएका शेयरधनी १ लाखभन्दा कमबाट ६५ लाख पुगे।

# ५. शिक्षा



शिक्षाको स्तर बढ्दै छ। दुई दशक अघि विद्यालय शिक्षामा विद्यार्थी रहने औसत अवधि ४ वर्ष रहेकोमा अहिले ९ वर्ष पुगेको छ। २०४८ सालमा विद्यालय शिक्षामा करिब ४६ लाख विद्यार्थी थिए, अहिले ८५ लाख विद्यार्थी विद्यालय शिक्षामा छन्। २०४८ सालमा उच्च शिक्षातर्फ जम्मा १ लाख विद्यार्थी रहेकोमा अहिले ६ लाख विद्यार्थी अध्ययनरत छन्। माध्यमिक शिक्षामा बालक र बालिका बराबर छन्। उच्च शिक्षामा पनि बराबर हुने क्रममा छन्।

**तालिका–१०, नेपालमा शिक्षाको स्तर र पहुँचको विकास (२०४८ - २०८०)**

| वर्ष | विद्यालय शिक्षाको औसत अवधि (बर्ष) | विद्यालय शिक्षामा विद्यार्थी (लाख) | उच्च शिक्षामा विद्यार्थी (लाख) | माध्यमिक शिक्षामा लैंगिक समानता | उच्च शिक्षामा लैंगिक समानता |
|---|---|---|---|---|---|
| २०४८ | ४ | ४६ | १ | - | - |
| २०८० | ९ | ८५ | ६ | बराबर | बराबर हुने क्रममा |



**मुख्य निष्कर्ष:**

माध्यमिक शिक्षामा लैंगिक समानता प्राप्त, उच्च शिक्षामा पनि बराबरी हुने क्रममा रहेको छ।

- विद्यालय शिक्षाको औसत अवधि ४ बाट ९ वर्ष पुग्यो।
- विद्यालय शिक्षामा विद्यार्थी संख्या ४६ लाखबाट ८५ लाखमा वृद्धि।
- उच्च शिक्षामा विद्यार्थी संख्या १ लाखबाट ६ लाखमा वृद्धि।



## ६. स्वास्थ्य

नेपालीको औसत आयु २०४७ सालमा ५५ वर्ष मात्र थियो, २०८० सालमा औसत आयु बढेर ७२ वर्ष पुगेको छ। २०४७ मा प्रति एक हजार बालबालिका जन्महुँदा १३९ जनाको ५ वर्ष भन्दा कम उमेरमा मृत्यु हुने गरेकोमा अहिले प्रति एक हजार बालबालिका जन्महुँदा २७ जना मात्र मृत्यु हुने गरी बालमृत्युदर घटेको छ। प्रति एकलाख शिशुलाई जीवित जन्म दिंदा ८५० जना महिलाको मृत्यु हुने गरेकोमा अहिले त्यो १५१ मा झरेको छ। बाल मृत्यु तथा मातृ मृत्युदरमा उल्लेख्य सुधार गरेका कारण नेपाल सम्मानित पनि भएको छ।

**तालिका–११, नेपालमा स्वास्थ्य सूचकहरूको सुधार (२०४७ - २०८०)**

| वर्ष | औसत आयु (बर्ष) | बाल मृत्यु दर (प्रति १,००० जन्म) | मातृ मृत्यु दर (प्रति १,००,००० जन्म) |
|---|---|---|---|
| २०४७ | ५५ | १३९ | ८५० |
| २०८० | ७२ | २७ | १५१ |



**मुख्य निष्कर्ष:**

औसत आयु ५५ बाट ७२ वर्षमा पुगेको। बाल मृत्यु दर प्रति हजार जीवित जन्ममा १३९ बाट घटेर २७ मा झरेको, मातृ मृत्यु दर प्रति लाखमा ८५० बाट घटेर १५१ मा आएको।

## ७. महिला सशक्तिकरण




राजनीतिमा महिलाको सहभागिता उल्लेख्य रूपमा बढेको छ। तीन तहका निर्वाचित जनप्रतिनिधिमा करिब ४१ प्रतिशत महिला छन्। त्यसभित्र पनि दलित महिलाको उपस्थिति सम्मानजनक छ। महिला साक्षरतामा उल्लेख्य सुधार भएको छ। २०४८ मा महिला साक्षरता दर २५ प्रतिशत रहेकोमा अहिले ६५ प्रतिशत पुगेको छ। देशले माध्यमिक शिक्षामा लैङ्गिक समानता हासिल गरेको छ भने उच्च शिक्षामा समानता उन्मुख छ। तीन दशकअघि उच्च शिक्षामा महिलाको उपस्थिति १० देखि १५ प्रतिशत मात्र थियो।

सम्पत्तिमाथि महिलाको अधिकारमा भएको प्रगति उत्साहप्रद छ। २०५८ सालको कृषि गणनामा कूल कृषक परिवारमध्ये ८ प्रतिशत परिवारमा मात्र महिलाको स्वामित्वमा जमिन रहेकोमा २०६८ सालको गणनाबाट १९ प्रतिशत महिलाहरूको स्वामित्वमा जमिन रहेको देखाएको थियो। २०७८ को जन गणनाले भने करिब २४ प्रतिशत महिलाको नाममा जमिन रहेको देखाएको छ, जबकि तीन दशकअघि यो ५ प्रतिशत पनि थिएन।

सार्वजनिक सेवामा महिलाको प्रवेशलाई आरक्षण गरिएपश्चात निजामती सेवामा महिला उपस्थिति झण्डै ५ गुणा बढेको छ, यद्यपि अहिले पनि सरकारी सेवामा एक चौथाई मात्र महिला कर्मचारी छन्। राजकीय मात्र नभएर गैरसरकारी क्षेत्रमा समेत कमसेकम एक तिहाई उपस्थिति सुनिश्चित गरिएका कारण नीति निर्माणमा महिलाको भूमिका बढ्दो छ। सहकारी व्यवस्थापनमा अहिले ४० प्रतिशतभन्दा बढी महिला छन् भने निजी तथा सामुदायिक संस्थामा महिला नेतृत्व उल्लेख्य रूपमा बढेको छ।

**तालिका–१२, नेपालमा महिला सशक्तिकरणको प्रगति (२०४८ - २०८०)**

| क्षेत्र | २०४८ | २०८० | मुख्य सुधार |
|---|---|---|---|
| राजनीतिमा महिला सहभागिता | न्यून | ४१% महिला प्रतिनिधित्व | तीन तहका निर्वाचित निकायमा उल्लेख्य वृद्धि |
| महिला साक्षरतादर | २५% | ६५% | साक्षरतामा उल्लेख्य सुधार |
| माध्यमिक शिक्षामा लैंगिक समानता | छैन | हासिल | समान अवसर प्राप्त |
| उच्च शिक्षामा महिलाको उपस्थिति | १०-१५% | समानता उन्मुख | लैंगिक समानता नजिक |
| महिलाको जमीनमा स्वामित्व | ५% भन्दा कम | २४% | तीन दशकमा पाँच गुणा वृद्धि |
| निजामती सेवामा महिलाको उपस्थिति | झण्डै ५% | २५% | आरक्षणको प्रभाव देखियो |
| सहकारी व्यवस्थापनमा महिला | न्यून | ४०%+ | नेतृत्वदायी भूमिकामा वृद्धि |
| गैरसरकारी/सामुदायिक संस्थामा महिलाको भूमिका | न्यून | कम्तीमा १/३ | नीति निर्माणमा सक्रिय सहभागिता |



**मुख्य निष्कर्ष:**

- महिला सशक्तिकरण सबै क्षेत्रमा तीव्र गतिमा वृद्धि ।
- राजनीति, शिक्षा, सम्पत्ति स्वामित्व, र सार्वजनिक सेवामा महिलाको भूमिका उल्लेखनीय वृद्धि ।
- समावेशी नीतिहरूका कारण नेतृत्वदायी भूमिकामा महिलाको संलग्नता उच्च ।

## ८. सामाजिक सुरक्षा




२०५१ सालमा ज्येष्ठ नागरिक भत्ताको प्रबन्ध सुरु गरेयता क्रमशः सामाजिक सुरक्षाको दायरा फराकिलो हुँदै गएको छ। २०६१ सालदेखि सुरक्षित मातृत्वका क्षेत्रमा र महिलाको सम्पत्तिमा स्वामित्व बढाउने विषयमा उल्लेखनीय कामहरू भएका थिए। २०६६ सालमा बाल संरक्षण अनुदानको रूपमा बालबालिका भत्ताको सुरुवात भयो। २०७५ सालदेखि बजेट मार्फत सत्तरी वर्ष माथिका सबै ज्येष्ठ नागरिकको रु.१ लाख सम्मको वीमाङ्क रकमको स्वास्थ्य वीमा शुल्क सरकारले व्यहोर्ने व्यवस्था गरेको छ। यो प्रावधानबाट झण्डै १० लाख ज्येष्ठ नागरिकहरू लाभान्वित भएका छन्। २०५४ सालदेखि अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्न थालिएको छ। २०७५ देखि असंगठित क्षेत्रका किसान, श्रमिक तथा स्वरोजगारीमा रहेका व्यक्तिहरूलाई समेत क्रमशः सामाजिक सुरक्षाको दायरामा ल्याउन थालिएको छ। राष्ट्रपति महिला उत्थान कार्यक्रम मार्फत २०७५ देखि ग्रामीण तथा दुर्गम क्षेत्रका जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको निःशुल्क आपत्कालीन उद्धार गर्न एयर एम्बुलेन्सको व्यवस्था भइरहेका छन्।

गरिब नागरिकको आवासको हकलाई सम्मान गर्न जनता आवास कार्यक्रम लागू गरिएकोमा २०७६ सालदेखि सुरक्षित आवास कार्यक्रम थप गरी देशभरिका करिब ५ लाख फुसका छाना हटाउन प्रति परिवार रु ५० हजार सहयोग गर्ने र सहुलियत दरमा काठ उपलब्ध गराउने व्यवस्था भएको छ। विपद् पछिको पुनर्निर्माण समेत गरी आवास कार्यक्रम अन्तर्गत ३ लाख भन्दा बढी घर बनिसकेका छन्। स्वास्थ्य वीमा कार्यक्रमलाई देशव्यापी बनाइएको छ। तीन वर्ष भन्दा कम अवधिमा देशका अधिकांश जिल्लामा स्वास्थ्य वीमा सेवा पुगेको छ भने करिब ८० लाख व्यक्तिहरू यसबाट लाभान्वित भइसकेका छन्। योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको विस्तार हुँदैछ। सामाजिक सुरक्षा कोषमा २० हजार रोजगारदाता संलग्न छन्, योगदानकर्ता करिब २१ लाख पुगेका छन्।

## तालिका–१३, नेपालमा सामाजिक सुरक्षाको विस्तार (२०५१ - २०८०)

| सामाजिक सुरक्षा कार्यक्रम | सुरुवात वर्ष | प्रगति तथा हालको स्थिति |
|---|---|---|
| जेष्ठ नागरिक भत्ता | २०५१ | निरन्तर विस्तार, वृद्ध भत्ता वृद्धि |
| अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षा भत्ता | २०५४ | निरन्तर विस्तार |
| सुरक्षित मातृत्व कार्यक्रम | २०६१ | महिलाको सम्पत्ति स्वामित्व र मातृत्व सुरक्षामा सुधार |
| बाल संरक्षण अनुदान (बाल भत्ता) | २०६६ | आर्थिक रूपले कमजोर परिवारका बालबालिकालाई सहायता |
| सर्वसाधारण जेष्ठ नागरिक स्वास्थ्य बीमा | २०७५ | ७० वर्ष माथिकालाई रु. १ लाख सम्मको स्वास्थ्य बीमा, १० लाख लाभान्वित |
| असंगठित क्षेत्रका श्रमिक सामाजिक सुरक्षा योजना | २०७५ | किसान, श्रमिक, स्वरोजगारीलाई सामाजिक सुरक्षामा समेट्ने |
| राष्ट्रपति महिला उत्थान कार्यक्रम | २०७५ | दुर्गम क्षेत्रका गर्भवती तथा सुत्केरी महिलाको एयर एम्बुलेन्स उद्धार |
| स्वास्थ्य बीमा कार्यक्रम | २०७५ | देशव्यापी विस्तार, ८० लाख लाभान्वित |
| जनता आवास कार्यक्रम | २०७६ | ५ लाख फूसका छाना हटाउने, प्रति परिवार रु. ५० हजार सहयोग |
| आवास पुनर्निर्माण तथा सुरक्षित आवास योजना | २०७६ | ३ लाख भन्दा बढी घर पुनर्निर्माण |
| योगदानमा आधारित सामाजिक सुरक्षा | २०७६ | २० हजार रोजगारदाता र २१ लाख योगदानकर्ता संलग्न |



**मुख्य निष्कर्ष:**

- जेष्ठ नागरिक, महिला, बालबालिका, श्रमिक, तथा विपन्न नागरिक लक्षित सामाजिक सुरक्षामा उल्लेखनीय वृद्धि ।
- स्वास्थ्य, आवास, र आर्थिक सुरक्षा दायरामा लाखौं नागरिक लाभान्वित ।
- योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीलाई संस्थागत गर्दै लगिएको ।

# ९. मानव विकास




शिक्षा, स्वास्थ्य तथा व्यक्तिगत आम्दानीको स्तरमा भएको परिवर्तनले मानव विकासको समग्र अवस्था देखाउँछ । यसलाई सूचकांकमा उल्लेख गरिन्छ र यसको मान पूर्ण मानव विकासको अवस्था भए १ र कुनै पनि विकास नभएको भए शून्य अंक हुन्छ । नेपालले यसतर्फ पनि उल्लेख्य सुधार गरेको छ । खासगरी शिक्षा तथा स्वास्थ्य स्थितिमा भएको प्रगतिका कारण मानव विकास सूचकांक २०४८ मा ०.४० रहेकोमा २०७८ मा ०.६० पुगेको छ । यो सूचकांक ०.५५ भन्दा माथि रहेमा मध्यमस्तरीय मानव विकास भएको देशमा गणना हुन्छ । यसरी तीन दशकमा देश निम्नस्तरको मानव विकास भएको राष्ट्रबाट मध्यमस्तरको मानव विकास भएको राष्ट्रमा स्तरोन्नति भएको छ । दक्षिण एसियाका अन्य देशको तुलनामा नेपाल मानव विकासको परिसूचक सन्तोषजनक अवस्थामा रहेको छ ।

वहुआयामिक गरिबीमा पछिल्ला दशकमा धेरै सुधार भएको छ । स्वास्थ्य (पोषण र बाल मृत्युदर), शिक्षा (विद्यालयमा विद्यार्थी उपस्थिति र अध्ययनको अवधि) तथा जीवनस्तर (पिउने पानी, बिजुली, आवास, पकाउने इन्धन, सवारीका साधन आदि) का परिसूचकका आधारमा २०७९ मा गरिएका गणना अनुसार नेपालको वहुआयामिक गरिबी सूचकांक ०.०८५ थियो, जुन दक्षिण एसियाली औसत ०.०९४ भन्दा राम्रो हो ।

**तालिका–१४, नेपालमा मानव विकास सूचकांक–एचडिआई (२०४८ - २०७८)**

| वर्ष | मानव विकास सूचकांक | श्रेणी | मुख्य सुधार |
| --- | --- | --- | --- |
| २०४८ | ०.४० | निम्न मानव विकास | शिक्षा, स्वास्थ्यमा न्यून प्रगति |
| २०७८ | ०.६० | मध्यम मानव विकास | शिक्षामा सुधार, स्वास्थ्य सेवाको पहुँच वृद्धि, आम्दानीको स्तरमा सुधार |



**मुख्य निष्कर्ष:**

दक्षिण एसियाका अन्य देशहरूसँगको तुलनामा नेपालको प्रगति उल्लेखनीय छ ।

- तीन दशकमा नेपाल निम्नस्तरको मानव विकास भएको देशबाट मध्यम स्तरमा उक्लियो ।
- शिक्षा, स्वास्थ्य र व्यक्तिगत आम्दानीको वृद्धिले मानव विकासमा उल्लेखनीय सुधार गऱ्यो ।

## १०. कृषि

कृषिमा उच्चगतिमा यान्त्रीकरण भइरहेको छ। २०४८ सालमा कृषिमा ट्र्याक्टर प्रयोग गर्ने परिवार १ प्रतिशत रहेकामा २०६८ सालमा २२ प्रतिशत र २०७८ सालमा ४० प्रतिशत पुगेका छन्। थ्रेसर प्रयोग गर्ने कृषक परिवार ३ प्रतिशतबाट बढेर २०७८ सालसम्म आइपुग्दा २८ प्रतिशत पुगेका छन्। ३० वर्षको अवधिमा धानको उत्पादन ३३ लाख मेट्रिक टनबाट बढेर ५९ लाख मेट्रिक टन पुगेको छ। तीन दशकमा वन क्षेत्रको विस्तार ५० प्रतिशतले बढेको छ। तर उत्पादक र दीगो उपयोग गर्न सकिएको छैन।





**तालिका–१५, नेपालमा कृषिको स्थिति (२०४८ - २०८०)**

| क्षेत्र | २०४८ | २०६८ | २०७८ | मुख्य सुधार |
|---|---|---|---|---|
| ट्र्याक्टर प्रयोग गर्ने परिवार | १% | २२% | ४०% | यान्त्रीकरणमा वृद्धि |
| थ्रेसर प्रयोग गर्ने कृषक परिवार | ३% | - | २८% | कृषि यन्त्रको प्रयोगमा वृद्धि |
| धानको उत्पादन | ३३ लाख मेट्रिक टन | - | ५९ लाख मेट्रिक टन | धानको उत्पादनमा ७९ प्रतिशतले बद्धि |
| वन क्षेत्रको विस्तार | २९ प्रतिशत | - | ४५ प्रतिशत | ५० प्रतिशतले वन क्षेत्रको विस्तार |
| कृषि उत्पादन र औद्योगिकीकरण | न्यून | - | - | कृषि व्यावसायिक भएको तर औद्योगिकीकरणको कमी |



**मुख्य निष्कर्ष:**

कृषि व्यावसायिक हुँदैछ, तर कृषि उत्पादनमा आधारित औद्योगिकीकरणको कमी छ ।

- कृषि यान्त्रीकरणको उच्च वृद्धि, ट्र्याक्टर र थ्रेसरको प्रयोगमा वृद्धि ।
- सिंचाई सुविधामा वृद्धि भए तापनि अझै एक तिहाइ भन्दा कम सिंचाई योग्य जमिनमा मात्र सिंचाइ उपलब्ध छ ।
- धान र गहुँको उत्पादकत्वमा स्थिरता, यद्यपि उत्पादनमा ठूलो सुधार हुन सकेको छैन ।
- वन क्षेत्रको ५०% विस्तार भए तापनि दिगो उपयोगमा कमी ।

# ११. उद्योग




अहिले औद्योगिक क्षेत्र संक्रमणकालमा छ। परम्परागत प्रविधिमा आधारित उद्योगहरू बन्द हुने र नयाँ प्रविधिमा आधारित उद्योगहरू खुल्दै जाने विश्वव्यापी प्रवृत्ति छ। त्यसैले नेपालमा पनि पुराना उद्योग बन्द हुने र नयाँ उद्योग खुल्ने क्रम छ। कृषिमा आधारित खाद्य प्रशोधन, वन पैदावरमा आधारित उद्योग, औषधि उद्योग, खानीजन्य (सिमेन्ट, क्लिंकर, फलाम, पेट्रोलियम, आदि) उद्योग, सूचना प्रविधिका उद्योग व्यवसाय, कपडा, जुत्ता तथा तयारी पोशाकका उद्योगहरू, विद्युतीय सामानका उद्योगहरू बढेका छन्। पञ्चायतकालमा स्थापना भएका पुराना प्रविधिका चुरोट, चिनी वा कागज कारखाना बन्द भएर त्यही वस्तु उत्पादन गर्ने नयाँ प्रविधिका कारखाना तथा उद्योगहरू खुल्ने क्रम बढेको छ। सरकारले नै सबै उद्योग चलाउनुपर्छ भन्ने पुरानो मान्यताको सट्टा उद्योगमा स्वदेशी तथा विदेशी निजी लगानी परिचालन गर्ने र सरकारको स्रोतलाई पूर्वाधार तथा सामाजिक क्षेत्रको विकासमा बढी केन्द्रित गर्ने रणनीति अनुरूप नै भइरहेको हो।



**मुख्य निष्कर्ष:** नेपालमा उद्योगको अवस्था

- उद्योग क्षेत्र संक्रमणकालमा रहेको छ, जसमा परम्परागत उद्योग बन्द हुँदै नयाँ प्रविधिमा आधारित उद्योगको वृद्धि भइरहेको छ।
- कृषि, वन, खानी, सूचना प्रविधि, र वस्त्र उद्योगहरूमा वृद्धि।
- पुराना उद्योगहरूको स्थानमा नयाँ प्रविधिका उद्योगहरूको स्थापना, जस्तै चुरोट, चिनी, र कागज कारखाना।
- सरकारको भूमिका परिवर्तन हुँदै स्वदेशी र विदेशी लगानीलाई आकर्षित गर्दै उद्योग क्षेत्रको विकासमा प्रगति भइरहेको छ।



## १२. सेवा क्षेत्रको विस्तार

२०४८ यता पर्यटन, व्यापार, सञ्चार माध्यम, यातायात सेवा, वित्त, तथा गैर सरकारी तथा सहकारी क्षेत्रको विस्तार ठुलो परिमाणमा वृद्धि भएको छ। २०४७ सालसम्म वार्षिक साढे दुई लाख पर्यटकले नेपाल भ्रमण गर्थे भने अहिले १२ लाख पर्यटकले नेपाल भ्रमण गरिरहेका छन्। २०४७ सालसम्म जम्मा १ लाख ४३ हजार सवारी साधन दर्ता रहेकोमा अहिले झण्डै ४० लाख सवारी साधन दर्तामा छन्। २०४७ सालसम्म २२० वटा गैसस रहेकामा लोकतान्त्रिक राजनीतिक प्रणालीको विकाससँगै यो संख्या बढेर अहिले ५० हजारभन्दा बढी पुगेको छ, जसले सामाजिक आर्थिक रूपान्तरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। यही राजनीतिक प्रणालीको विरासतमा सञ्चार माध्यमले पनि फड्को मारेको छ। त्यसैले अहिले १०० भन्दा बढी नेपाली टेलिभिजन च्यानल, ३०० भन्दा बढी एफएम रेडियो तथा हजारौंको संख्यामा पत्रपत्रिकाहरू सञ्चार सेवामा रहन सकेका छन्।



**तालिका–१६, सेवा क्षेत्रको विस्तार**

| क्षेत्र | वृद्धि र परिवर्तन |
|---|---|
| पर्यटन | २०४७ सालमा साढे दुई लाख पर्यटक नेपाल भ्रमण गर्थे भने अहिले १२ लाख पर्यटक नेपाल भ्रमण गरिरहेका छन् । |
| सवारी साधन | २०४७ सालमा १ लाख ४३ हजार सवारी साधन दर्तामा थिए भने अहिले झण्डै ४० लाख सवारी साधन दर्तामा छन् । |
| गैसस (NGOs) | २०४७ सालमा २२० वटा गैसस थिए, अहिले यो संख्या बढेर ५० हजार भन्दा बढी पुगेको छ । |
| सञ्चार क्षेत्र | १०० भन्दा बढी नेपाली टेलिभिजन च्यानल, ३०० भन्दा बढी एफएम रेडियो, र हजारौं पत्रपत्रिका सञ्चार सेवामा रहेका छन् । |
| वित्त, सहकारी र गैर सरकारी क्षेत्र | २०४८ सालपछि यस क्षेत्रमा ठूलो मात्रामा वृद्धि भएको छ । |
| यातायात सेवा | २०४७ सालको तुलनामा यातायात सेवा र विस्तारमा वृहत सुधार भएको छ । |



**मुख्य निष्कर्ष:**

- पर्यटन, यातायात, संचार, र अन्य सेवा क्षेत्रको उल्लेख्य विस्तार भएको छ ।
- सवारी साधन र गैससको संख्यामा वृद्धि, जसले सामाजिक र आर्थिक परिवर्तनमा भूमिका निर्वाह गरेको छ ।
- सञ्चार क्षेत्रले फड्को मारेको छ, जसमा टेलिभिजन च्यानल, एफएम रेडियो, र पत्रपत्रिकाहरूको वृद्धि प्रमुख छ ।
- लोकतान्त्रिक प्रणालीको विकाससंगै यी सबै क्षेत्रमा सकारात्मक परिवर्तन आएको छ ।



## १३. आधारभूत सुविधामा पहुँच

आधारभूत सुविधामा पहुँच पुगेका परिवारको अनुपात बढ्दै छ । २०५२ साल सम्ममा २५ प्रतिशत नागरिकले आधा घण्टाको दुरीमा पक्की सडकको सुविधा पाउने गरेकोमा २०८० सालमा ८० प्रतिशत नागरिकले त्यो सुविधा पाएका छन् । २०५२ साल सम्ममा ४५ प्रतिशत नागरिकले आधा घण्टाको दुरीमा स्वास्थ्य केन्द्रको सेवा पाउँथे भने २०८० सालमा ७१ प्रतिशत नागरिकले त्यो सुविधा पाएका छन् । २०५२ साल सम्ममा २४ प्रतिशत नागरिकले आधा घण्टाको दुरीमा बजार केन्द्र पाउँथे भने २०८० सालमा ७३ प्रतिशत नागरिकले त्यो सुविधा पाएका छन् ।

**तालिका–१७, आधारभूत सुविधामा पहुँच**

| सुविधा | २०५२ सालमा पहुँच (%) | २०८० सालमा पहुँच (%) |
|---|---|---|
| पक्की सडक | २५% | ८०% |
| स्वास्थ्य केन्द्र | ४५% | ७१% |
| बजार केन्द्र | २४% | ७३% |
| सहकारी संस्था | २६% | ८३% |



**मुख्य निष्कर्ष:**


- आधारभूत सुविधामा पहुँचको प्रतिशतमा उल्लेख्य वृद्धि भएको छ ।
- पक्की सडक, स्वास्थ्य केन्द्र, बजार केन्द्र र सहकारी संस्थाको सेवामा नागरिकको पहुँच निकै बढेको छ ।
- यी सुविधाहरूले समग्र सामाजिक र आर्थिक विकासमा सुधार ल्याएको छ ।

२०५२ साल सम्ममा २६ प्रतिशत नागरिकले आधा घण्टाको दुरीमा सहकारी संस्थाको सेवा पाउँथे भने २०८० सालमा ८३ प्रतिशत नागरिकले त्यो सुविधा पाएका छन् । यस्तै अन्य सुविधाहरु पनि विस्तार हुँदैछन् (तालिका–१८ पनि हेर्नुहोस्) ।

**तालिका–१८, आधारभूत सुविधामा पहुँच पुगेका परिवारको अनुपात**

| सुविधा/सूचकांक | २०५२ | २०६१ | २०६८ | २०८० |
|---|---|---|---|---|
| आधारभूत विद्यालय (Primary School) | ८८.४% | ९१.४% | ९४.७% | ९०.८% |
| वाल विकास केन्द्र | - | - | ८८.८% | ९५.८% |
| माध्यमिक विद्यालय (Secondary School) | - | - | ७१.५% | ७९.९% |
| स्वास्थ्य संस्था | ४४.८% | ६१.८% | ६१.८% | ७०.६% |
| निजी क्लिनिक | - | - | ५३.४% | ८०.६% |
| पक्की सडक | २४.७% | ३७.२% | ५१.४% | ८०% |
| मोटर चल्ने सडक | ५८% | ६७.७% | ७९.८% | ७६.८% |
| बजार केन्द्र | २४.२% | ३४.४% | ४४.७% | ७२.७% |
| सहकारी संस्था | २५.९% | ३३.७% | ५३.९% | ८३.३% |
| बैंक तथा वित्तीय संस्था | २०.७% | २७.८% | ३९.९% | ७४.२% |
| विधुतमा पहुँच (%) | १४.१% | ३७.२% | ६९.९% | ९४% |
| टेलिफोनमा पहुँच (%) | - | ५३.६% | ८६.३% | - |
| इन्टरनेटमा पहुँच (%) | - | - | ४३.२% | - |

| सुविधा/सूचकांक | २०५२ | २०६१ | २०६८ | २०८० |
|---|---|---|---|---|
| सिमेन्टका घर (%) | १०.७% | १८.३% | २६.१% | ५६% |
| जस्ताको छाना भएका घर (%) | ५.७% | २१% | २८.४% | ४०.३% |
| पाइपबाट पानी पाउने (%) | ३२.८% | ४३.९% | ४४.५% | ५१.६% |
| प्रतिव्यक्ति आय (रु) | ७,६९० | १५,१६२ | ४१,६५९ | १,३६,७०७ |
| मानव विकास सूचकांक | ०.४३७ | ०.४७६ | ०.५४५ | ०.६०२ |



**मुख्य निष्कर्षः**

- मानव विकास सूचकांकमा लगातार वृद्धि भएको छ, ०.४३७ बाट ०.६०२ सम्म पुगेको छ ।
- आधारभूत सुविधाहरू जस्तै स्वास्थ्य सेवा, पक्की सडक, बैंक सेवाहरू, र सिमेन्टका घरको पहुँच उल्लेख्य रूपमा बढेको छ ।
- प्रतिव्यक्ति आयमा पनि उल्लेख्य वृद्धि भएको छ, ७,६९० रुपियाँबाट १,३६,७०७ रुपियाँसम्म पुगेको छ ।
- विद्युत र टेलिफोनमा पहुँच र सामाजिक सेवाहरू जस्तै सहकारी संस्था र स्वास्थ्य सेवाहरूको पहुँचमा सुधार भएको छ ।

**नेपाल सरकार**
**प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय**
सिंहदरवार, काठमाडौं